बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# कृषि विकास निर्देशनालय

हेटौंडा, नेपाल

## कृषि उपजहरुको मुल्य श्रृंखला विकास कार्यक्रममा सहभागी हुन प्रस्ताव आह्वानको सूचना !

प्रथम पटक प्रकाशित मिति : २०८१/०७/२८

कृषि विकास निर्देशनालय, हेटौंडाको आ.व. २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम **"कृषि उपजहरुको मुल्य श्रृंखला विकास कार्यक्रम"** मा प्रस्ताव पेश गर्न इच्छुक बागमती प्रदेश भित्रका आवेदकहरुबाट यो सूचना प्रकाशित भएको मितिले २१ दिन (मिति २०८१/०८/१८) भित्र तपसिल बमोजिमको कागजातहरु संलग्न गरी यस निर्देशनालयको वेबसाइट (https://doadbagamati.gov.np) मार्फत अनलाइन प्रस्ताव पेश गर्नुहुन अनुरोध छ। रीत नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

कार्यक्रम विवरणः

| क्र. सं. | कार्यक्रमको नाम | प्रति साझेदार अधिकतम रकम | साझेदार संस्था वा आवेदक | साझेदारी रकम | स्वीकृत कार्यविधिको नाम |
|---|---|---|---|---|---|
| १ | कृषि उपजहरुको मुल्य श्रृंखला विकास कार्यक्रम | रू. २५ लाख | कृषक, कृषक समूह, कृषि सहकारी, कृषि कार्य गर्ने बहुउदेश्यीय सहकारी, निजि कृषि फर्म | सम्बन्धित कार्यविधिको दफा १० अनुसार | कृषि, पशुपन्छी तथा मत्स्यजन्य उपजहरुको मूल्य श्रृंखला विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ |

संलग्न गर्नुपर्ने कागजात

१. अनुसूची-२ बमोजिमको आवेदन,
२. संस्था दर्ता तथा नविकरण गरेको प्रमाणपत्र,
३. संस्थाको स्थायी लेखा नम्बर (PAN) र गत आ.व. को करचुक्ता,
४. संस्थाको बैठकको निर्णयको प्रतिलिपि (समूह/सहकारीको हकमा),
५. अनुसूची -३ अनुसारको प्रस्ताव र अनुसूची-४ बमोजिमको प्रतिवद्धता पत्र,
६. स्थानिय तह वा सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र
७. संकलन/प्रशोधन/भण्डारण/बजारीकरणमात्र संलग्न हुने आवेदकको हकमा उत्पादकसंग गरेको खरिद विक्री सम्झौता,
८. लालपुर्जा र जग्गाधनीको नागरिकताको प्रतिलिपि
९. स्थायी प्रकृतिका संरचनाहरु निर्माण गरिने प्रस्तावित जग्गाको हकमा जग्गा रोक्का नरहेको पत्र साथै करारनामा भए स्थानीय तहको रोहबरमा कम्तिमा १५ वर्षको करारनामाको प्रतिलिपी
१०. प्रदेश निर्वाचन क्षेत्रको प्रत्यक्ष निर्वाचित सांसदको सिफारिस

पुनश्चः विस्तृत जानकारीको लागि फोन नं. ०५७-५२०४६६ वा ९८४६६२५०२० मा सम्पर्क राख्नु हुन वा सम्बन्धित कार्यविधिः "कृषि, पशुपन्छी तथा मत्स्यजन्य उपजहरुको मूल्य श्रृंखला विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१" निर्देशनालयको वेभसाईट http://doad.bagamati.gov.np/ बाट डाउनलोड गर्न सक्नुहुनेछ।